चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/०३/०९
बैठक संख्या : पन्ध्रौं (२०८१/०८२)

आज मिति २०८२ साल असार ०९ गते सोमवारका दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो।

<u>उपस्थिति</u>

| सि.नं. | पदाधिकारीकोनामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | |
| ३. | श्री घनश्याम खरेल | १ नं. वडा, वडाअध्यक्ष, प्रवक्ता | — |
| ४. | श्री कमल के.सी. | २ नं. वडा,वडाअध्यक्ष | |
| ५. | श्री डिल्लीराज सुवेदी | ३ नं. वडा,वडाअध्यक्ष | |
| ६. | श्री बल बहादुर बस्नेत | ४ नं. वडा, वडाअध्यक्ष | |
| ७. | श्री पृथ बहादुर कार्की | ५ नं. वडा, वडाअध्यक्ष | |
| ८. | श्री अमरसिंह दगामी | ६ नं. वडा, वडाअध्यक्ष | |
| ९. | श्री अनन्तराम भण्डारी | ७ नं. वडा, वडाअध्यक्ष | |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८ नं. वडा, वडाअध्यक्ष | |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | |
| १२. | श्री बिष्णुकला थापा | कार्यपालिका सदस्य | |
| १३. | श्री लक्षिमा अर्याल | कार्यपालिका सदस्य | — |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | — |
| १६. | श्री सूर्य कुमार बस्याल | कार्यपालिका सदस्य | — |
| १७. | श्री बुद्ध प्रकाश पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १८. | श्री शिवप्रसाद ज्ञवाली | प्रशासकीय अधिकृत | |
| १९. | वसन्त रिजाल | लेखा अधिकृत | |
| २०. | प्रकाश पन्थी | योजना अधिकृत | |

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/०३/०९
बैठक संख्या : पन्ध्रौं (२०८१/०८२)

**प्रस्तावहरु :**

१. आ.व २०८२/०८३ का लागि नीति तथा कार्यक्रम सम्बन्धमा।
२. आ.व २०८२/०८३ का लागि आर्थिक ऐन २०८२ सम्बन्धमा।
३. आ.व २०८२/०८३ का लागि विनियोज ऐन २०८२ सम्बन्धमा।
४. १५ शैय्याको आधारभुत अस्पताल निर्माण सम्पन्न सम्बन्धमा।
५. सडक मानवमुक्त पालिका घोषणा सम्बन्धमा।
६. कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम सम्बन्धमा।

**निर्णयहरु :**

१. माथिको प्रस्ताव नं. १ उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिका गुल्मीको आगामी आर्थिक बर्ष २०८२/०८३ को लागि तयार भएको नीति तथा कार्यक्रम चन्द्रकोट गाउँपालिकाको १७ औं गाउँसभा समक्ष पेश गर्नका लागि स्वीकृति प्रदान गर्ने।

२. माथिको प्रस्ताव नं. २ उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिका गुल्मीको आगामी आर्थिक बर्ष २०८२/०८३ को लागि आवश्यक आर्थिक ऐने २०८२ चन्द्रकोट गाउँपालिकाको १७ औं गाउँसभा समक्ष पेश गर्नका लागि स्वीकृति प्रदान गर्ने।

३. माथिको प्रस्ताव नं. ३ उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिका गुल्मीको आगामी आर्थिक बर्ष २०८२/०८३ को लागि आवश्यक विनियोजन ऐनलाई गाउँपालिकामा रहेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट आएको तपशिल अनुसारको बजेट सिलिङ्ग विवरण रहेको विनियोजन ऐन २०८२ चन्द्रकोट गाउँपालिकाको १७ औं गाउँसभा समक्ष पेश गर्नका लागि स्वीकृति प्रदान गर्ने।

तपशिलः

क) पालिकाको तर्फबाट साझेदारीमा संचालन हुने गरी तत् तत् वडामा कार्यान्वयनका लागि सिफारिस भएका संघीय र प्रदेश समपुरंक लगायतका साझेदारीका कार्यक्रमहरु तत् तत् वडामा प्राप्त सिलिङ्गबाटै संचालन गर्ने।

ख) आगामी आर्थिक वर्षमा वडामा संचालन हुने समपुरक तथा विशेष योजना संचालन गर्नुपूर्व लागत अनुमान तयारी तथा डिपिआर निर्माण र स्थान छनौट गर्दा कार्यपालिकाबाट निर्णय गरी गर्ने।

ग) वडा नं. १ मा संचालन हुने संघीय समपुरक तर्फको कार्यक्रमका लागि अनिवार्य दायित्व रकम रु १ करोड २३ लाख रहेको हुँदा वडागत सिलिङ्गबाट वडाका योजना तथा कार्यक्रम संचालन गर्न नसकिने हुँदा रु २६ लाख रकम थप गर्ने।

घ) वजेट निर्माणका क्रममा सम्बन्धित वडामा रहि गाउँ कार्यपालिकामा प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्यलाई अनिवार्य सहभागि गराउने।

चन्द्रकोट गाउँपालिका गाउँपालिकाको कार्यालय ... गुल्मी ... प्रदेश, नेपाल

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत